ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

# सङ्गीतमा रसानुभूति : एक विवेचनात्मक अध्ययन

अञ्जु चन्देल उप्रेति[#*]
[#] उप.प्राध्यापक (सितार), ललितकला केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।
*Corresponding Author: anjuupreti7@gmail.com
**Citation:** उप्रेति, अञ्जु चन्देल (सन् २०२५), सङ्गीतमा रसानुभूति : एक विवेचनात्मक अध्ययन. *Journal of Fine Arts Campus, 7*(1). 18-26.https://doi.org/10.3126/jfac.v7i1.90775

**लेखसार :**

सङ्गीत भावहरूको अभिव्यक्तिका साथसाथै विश्वव्यापी भाषा पनि हो । सङ्गीत यस जगतको कुना कन्दरामा व्यक्त र अव्यक्त रुपमा पूर्णरुपले स्थापित छ । जसरी आत्मा परमात्माको स्वरुप हो, त्यसरी नै सङ्गीत जीवनलाई पुर्ण सार्थक बनाउने एउटा आधारशिला हो । सङ्गीतद्वारा हाम्रो व्यक्तिगत चेतनाको स्तरको उचाइ बढ्ने हुनाले यसले ब्रह्माण्डको सत्य स्वरुपको पहिचान गराउन मद्दत पुऱ्याउँछ। सङ्गीतको माध्यमबाट मानिसको मानसिक तथा आध्यात्मिक स्फूर्तिमा नवीन उत्साह समाहित हुन्छ । सङ्गीतमा रसको माध्यमवाट उत्पन्न हुने भावनात्मक आनन्दको अनुभूति कलाकार र श्रोता दुवैलाई प्राप्त हुन्छ । साङ्गीतिक रसको अनुभव नितान्त व्यक्तिगत हुन्छ , जुन श्रोताहरूको संवेदनशीलता, मानसिक स्थिति र उहाँहरूको सङ्गीतप्रति रुचिको आधारमा निर्भर गर्छ । सङ्गीतको प्रमुख उद्देश्य रसको आर्विभाव (उत्पत्ति) गर्नु हो । सङ्गीतको प्रस्तुतीकरण गर्दा कलाकारले भावपक्ष र कलापक्ष दुवैको अस्तित्वलाई ध्यानमा राख्दछ । भाव र कला दुवै रस सृष्टि गर्ने आधारभूत तत्व हुन् । यस विवेचनात्मक अध्ययनको मूल उद्देश्य सङ्गीतको माध्यमबाट दर्शक तथा श्रोतामा उत्पन्न हुने रसको प्रकृति र प्रभावको विश्लेषण गर्नु हो, साथै, रस सिद्धान्तको अवधारणालाई स्पष्ट गर्नु, रस र सङ्गीतबिचको सम्बन्ध विश्लेषण गर्नु तथा रसानुभूतिको प्रक्रियालाई दर्शाउँदै यसको साङ्गीतिक मनोवैज्ञानिक र सांस्कृतिक पक्षलाई व्याख्या गर्नु प्रमुख उद्देश्य हो ।

---

मुख्यशब्दः रस, रसानुभूति, रसनिष्पत्ति, सङ्गीत ।

---

**परिचय :**

साङ्गीतिक प्रयोगमा नाद, श्रुति, स्वर, राग तथा वाद्यवादन आदि यस्ता तत्व हुन जसको माध्यमबाट हामी रसाभिव्यक्ति गर्न सक्छौं । सामान्य दृष्टिकोणले हेर्दा रस मानवीय संवेदनाको नाम हो । मानिसभित्र विविध भावनाहरू स्थायी रुपमा विद्यामान रहेका हुन्छन, जुन विभिन्न परिस्थिति अनुसार प्रकट हुन्छन् । मूलरुपमा यही नै भावरुपी रस हो । रसको अनुभूति कुनै पनि रंग अथवा आकार प्रकार रहित हुन्छ । यो त पूर्णरुपले अनुभवमा आधारित भाव पक्ष हो। यसलाई नै हामीले रसको संज्ञा दिएका छौं । सङ्गीतमा रसको अनुभूति श्रोताहरूको हृदयमा उठेका विभिन्न भावनाद्वारा अनुभव गरिन्छ । भारतीय सङ्गीतमा नौ प्रकारका रसको व्याख्या गरिएको छ, त्यसैका आधारमा श्रोताहरूको मनमा विभिन्न भावनााहरू जागृत हुन्छन् । यिनै रसका अनुभूतिबाट मानिसमा आध्यात्मिक र भावनात्मक स्तरमा भिन्न-भिन्न विचार प्रस्फुटित हुन्छन् । गायक, वादक र सङ्गीतकार यिनै नौ रसका माध्यमबाट आफ्नो विचार र भावनालाई श्रोताहरूका हृदयमा पुऱ्याउँछन् । प्रत्येक रसको आफ्नो छुट्टै (अनौठो) प्रभाव हुन्छ, जसले सङ्गीत विधालाई पूर्ण र प्रभावशाली बनाउँछ ।

**शोधविधि :**

यो लेखमा सङ्गीत सुन्दा मानिसमा हुने विभिन्न (जस्तै :– श्रृङ्गार, शान्त, करुण, आदि) अनुभूतिका सम्बन्धमा अध्ययन गरिएको छ जसलाईं बुझ्न गुणात्मक अनुशान्धान विधि अपनाइएको छ शोधको क्रममा विभिन्न सङ्गीत श्रवण अनुभव, सङ्गीत कार्यक्रम हरूमा सहभागी भएर प्रत्यक्ष अवलोकन गरिएको छ । साथै रस सिद्धान्त सम्बन्धी परम्परागत ग्रन्थहरू जस्तै नाट्यशास्त्र, सङ्गीत विशारद र आधुनिक लेख तथा विभिन्न किताबहरूको अध्ययन गरेर सैद्धान्तिक पृष्ठभूमि तयार पारिएको छ । समग्रमा भन्नुपर्दा यस अध्ययनमा व्यक्तिगत अनुभूति, सांस्कृतिक सन्दर्भ र कलात्मक अभिव्यक्तिहरूको संयोजनद्वारा सङ्गीतमा रसानुभूति विषयलाई उजागर गर्ने प्रयास गरिएको छ ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

**रसको अर्थ र प्रकार :**

सङ्गीत, साहित्य तथा कलाका सन्दर्भमा रस शब्दको प्रयोगले विशिष्ट प्रकारको आलौकिक आनन्दानुभूतिको रुपमा मान्यता पाएको छ । "नाट्यशास्त्रमा आचार्य भरतमुनिले उल्लेख गरेअनुसार विभाव, अनुभाव र संचारीभावको संयोगले रसको निष्पत्ति हुन्छ" (दीक्षित, २०६१, पृ .१०) । साहित्य र सङ्गीत सुनेर अथवा पढ्दा जुन आनन्दको अनुभुति हुन्छ त्यसलाई रस भनिन्छ। सङ्गीतमा रसको उत्पत्ति स्वर, लय, राग, गीत तथा विभिन्न प्रकारका वाद्यवादनबाट निस्केका स्वरहरूबाट हुन्छ । सफल कलाकारले आफ्नो कल्पना शक्तिका आधारमा श्रोताहरूलाई आनन्दित पार्दछन् । श्रोतालाई आनन्द प्रदान गर्नु नै सङ्गीतमा रस उत्पत्ति हुनु हो (प्रधान, २०७१, पृ १६९) । सङ्गीतमा रसको उत्पत्ति गर्नमा स्वर र लयको ठूलो भूमिका हुन्छ । सङ्गीतकला श्रोता र कलाकारको परस्पर मेलबाट सृजित हुन्छ । सङ्गीत साधनाबाट कलाकारको अन्तर्मनमा विविध रसानुभूति र कलात्मक रागानुभूति प्रकट हुन्छन् ।

सङ्गीत, साहित्य तथा कलाका सर्न्दभमा रस शब्दको प्रयोगले विशिष्ट प्रकारको अलौकिक आनन्दानुभूतिको रुपमा मान्यता पाएको छ। रस शब्द अलौकिक र असाधारण छ, जसबाट आनन्द अनुभव त गर्न सकिन्छ तर त्यसलाई वर्णन तथा विवेचना गर्न सकिंदैन । नाट्यशास्त्रमा आचार्य भरतले सङ्गीत तथा साहित्यमा नौ प्रकारका रस मानेका छन् र यसको स्थाई भाव पनि नौ प्रकारका नै हुन्छन् । प्रत्येक रसको एउटा भावपक्ष हुन्छ, जसलाई स्थाई भाव भनिन्छ (दीक्षित, १९८४, पृ. ५६) । स्थाई भाव दीर्घकालसम्म चित्तमा स्थिर भई रहन्छ, जुन विभाव, अनुभाव र संचारी भावसँग सम्बन्ध हुने बित्तिकै रसको रुपमा अभिव्यक्त हुन्छ । नौ रसका माध्यमबाट हामी विभिन्न प्रकारका सङ्गीत र सङ्गीत सम्बन्धी अनुभवहरूको वर्णन र विश्लेषण गर्न सक्छौं । रसका नौ प्रकार यस प्रकारका छन् :

**श्रृंगार रस :** सङ्गीतमा श्रृंगार रसको प्रमुख भुमिका हुन्छ । शास्त्रअनुसार विभाव, अनुभाव र संचारीभावको संयोगले उत्पन्न रति भाव नै श्रृंगार रसमा परिणत हुन्छ । यो रसले प्रेम, सौन्दर्य, आकर्षण, भावनात्मक संयोग र वियोगलाई व्यक्त गर्छ । श्रृंगार रसको देवता भगवान कृष्णलाई मानिएको छ (दीक्षित, १९८४, पृ. १६) । श्रृंगार रसका दुई प्रकार मानिएका छन् :संयोग श्रृंगार र वियोग श्रृंगार । संयोग श्रृंगारको सम्बन्धमा भन्नुपर्दा जहाँ नायक नायिकामा परस्पर प्रेम सम्बन्ध हुन्छ, त्यहाँ संयोग श्रृंगार हुन्छ । संयोग श्रृंगार हुँदा मनमा हर्ष, आकर्षण, सौर्न्दय तथा मधुरताको अनुभूति हुन्छ । सङ्गीतमा संयोग श्रृंगारको अनुभूति रागको कोमलता र तानको लयवद्धताबाट प्रकट हुन्छ । संयोग श्रृंगारिक रागहरूमा राग यमन, राग विहाग, मियाँ मल्हार आदि पर्दछन् (पंराजपे, २०१५, पृ. ३४१) । वियोग श्रृंगारमा नायक नायिका एक अर्काबाट टाढा हुन्छन् । जब एक अर्कालाई भेटन् तड्पिन्छन्, त्यहाँ वियोग श्रृंगारको निष्पत्ति हुन्छ। सांगीतिक भाषामा भन्नुपर्दा यसमा शान्त स्वरावलि हुन्छ, जुन भावपूर्ण गायन अथवा वादनबाट प्रकट हुन्छ । वियोग श्रृंगारमा करुण प्रकृतिको राग जुन विलम्बित लयमा अभिव्यक्त हुन्छन् जस्तै राग पुरियाधनाश्री, राग मारवा । यी रागहरूमा वियोग श्रृंगारको झलक देखा पर्दछ । यस प्रकार श्रृंगार रस अन्तरगत ठुमरी, दादरा, गजल र भजन जस्ता साङ्गीतिक विधाहरू पर्दछन् ( पराजपे, २०१५, पृ. ३४१)।

**हास्य रस :** जुन रसको स्थाई भाव हाँसोमय हुन्छ , त्यसलाई हास्य रस भनिन्छ । अर्थात्, कुनै व्यक्तिको वचन, भेषभूषा, मूर्खतापूर्ण कार्य आदिको कारण चित्तमा जुन हाँसोको भाव उत्पन्न हुन्छ, त्यसलाई हास्य रस भनिन्छ। हास्यरस को प्रयोग सङ्गीतमा अलि दुर्लभ छ, तर भारतीय सङ्गीत र नाट्य परम्परामा हास्यरसको महत्वपूर्ण स्थान छ (दीक्षित, १९८४, पृ. १८) । हास्य रसमा कुनै विशिष्ट राग निर्धारित गरिएको हुँदैन ।

**करुण रस :** हितको हानि अथवा जब प्रिय व्यक्ति अथवा प्रिय वस्तु आफन्तहरूको वियोग, विनास, द्रव्यनाश, प्रेमी सँग सदैवका लागि विछोड हुन्छ, त्यसबाट जुन दुःख अथवा वेदना उत्पन्न हुन्छ, चित्त व्याकुल भइराख्छ, त्यसलाई करुण रस भनिन्छ । यसको स्थाई भाव शोक हो (दीक्षीत, १९८४, पृ. १९) । करुण रस शास्त्रीय सङ्गीतमा एउटा अत्यन्त भावनात्मक र मार्मिक रस हो, जुन दुःख, विरह, करुणा, वियोग, ममता आदि भावलाई यसको माध्यमबाट श्रोताहरूको मन स्पर्श गर्न र हृदयको भित्रसम्म उद्वेलित गर्न सक्छ । करुण रसमा धेरैजसो गम्भीर, कोमल, मध्यम गतिका रागहरू हुन्छन् । करुण रसका रागहरूमा मारवा, भैरवी, तोडी, मल्हार जस्ता राग प्रयोग हुन्छन् (पंराजपे, २०१५, पृ. ३४२) ।

**भयानक रस :** एकदमै भंयकर डरलाग्दो रुप देखेर चित्तमा जुन एक प्रकारको व्याकुलता पैदा हुन्छ, मन सशंकित भइरहन्छ, त्यसलाई भय भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा ठूलो स्वरध्वनि, विकृत चेष्टा र रौद्रानुभूतिद्वारा जुन मनोविकार उत्पन्न हुन्छ, त्यो भयानक रस हो । यो रसको प्रयोग नृत्य तथा फिल्म सङ्गीतमा धेरै गरिन्छ ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

**वीर रस** : वीर रसले सङ्गीतमा शौर्य, उत्साह, पराक्रम, धैर्यको भावनालाई जगाउँछ । वीर रसको स्थाई भाव उत्साह हो । यस अन्तर्गत जब युद्ध अथवा कुनै कठीन काम गर्नलाई मनमा जुन उत्साहको भाव उत्पन्न हुन्छ, त्यसलाई वीर रस भनिन्छ । यो रसको प्रयोग विशेष गरेर देशभक्ति गीत, वीरगाथा तथा प्रेरणादायक सङ्गीतमा गरिन्छ । ढोल, नगरा, शंख तथा तुरही जस्ता वाद्ययन्त्रले वीर रसलाई बढी प्रभावशाली बनाउँछन् । सङ्गीतकासाथ वीर रसले कथक, भरत नाट्यम जस्ता शास्त्रीय नृत्य परम्परामा युद्ध विजय तथा साहसिक कार्यको चित्रण दर्शाउनमा मद्दत पुऱ्याउँछ ।

**रौद्र रस :** यसको स्थाई भाव क्रोध हो । यस अन्तर्गत कुनै व्यक्तिको मनमा आफ्नो अथवा आफ्नो कुनै व्यक्तिको अपमानको कुरा सुनेर मनमा जुन क्रोधको भावना उत्पन्न हुन्छ, त्यो रौद्र रस हो । भरतनाट्यम, कथककली, ओडिसी जस्ता शास्त्रीय नृत्यमा रौद्र रसको विशेष प्रयोग हुन्छ । देवीदुर्गा, महाकाली, भगवान शिव (ताण्डव स्वरुप)का रुप यी सबै रौद्र रसमा हुन्छन् (दीक्षित, १९८४, पृ. ६२) ।

**वीभत्स रस :** ग्लानिको स्थितिलाई वीभत्स रस भनिन्छ । बली दिनु, रगत बग्नु, कुनै दुर्घटना हुनु अथवा दुर्गन्ध आदि यसका विभाव हुन् । सङ्गीतमा यो रसको प्रयोग कम नै हुन्छ । यो रसको प्रयोग नाट्यकला, रंगमञ्च तथा नवीन प्रयोगात्मक नृत्य शैलीमा गरिन्छ । शिवको प्रलयकारी ताण्डव अथवा महाभारतको युद्ध पश्चात रक्त, शव, करुणक्रन्दनमा वीभत्स रसको रुप देख्न सकिन्छ । यो रस कहिले एक्लै हुँदैन । बरु, यसका साथ रौद्र, करुण र भयानक रस मिश्रित हुन्छन् ।

**अद्भूत रस :** यसको स्थाई भाव आश्चर्य हो । आश्चर्यको पूर्ण स्थिरतालाई अद्भूत रस भनिन्छ । अद्भूत रसले सङ्गीतमा आश्चर्य, विस्मय, जिज्ञासा र कौतुहलको भावनालाई प्रकट गर्ने काम गर्छ । अद्भूत रस नवरसमा अत्यन्त सौम्य, रोमांचक तथा सकारात्मकताले भरिएको रस हो । यो रसको प्रयोगले श्रोताहरूमा हर्ष, आश्चर्य तथा आत्मविश्वासको भावना जागृत हुन्छ । यो रसको प्रयोगले श्रोताहरूमा कल्पना र आनन्दको प्रस्फुटन हुन्छ (दीक्षित, १९८४, पृ. ६७) ।

**शान्त रस :** वैराग्यको स्थितिलाई शान्त रस भनिन्छ । यसको स्थाई भाव निर्वेद हो । सङ्गीतमा शान्त रसको भावनात्मक महत्व छ । चाहे त्यो शास्त्रीय सङ्गीत होस अथवा भक्ति भावले ओतप्रोत भजन, कीर्तन र सूफी सङ्गीत, सबैमा शान्त रस गहिराइका साथमा प्रस्तुत गर्न सकिन्छ । ध्यान गर्दा मेडिटेशन म्युजिकमा विशेष रुपमा वाद्यवादन जस्तै बाँसुरी, वीणा, सितार, सन्तुर आदि तथा ॐकारको ध्वनि, यी सबैमा शान्त रसको प्रधानता हुन्छ (ठाकुर, १९९९, पृ. १३) ।

**सङ्गीतमा रसको भूमिका :**

सङ्गीतमा रसको भूमिका अत्यन्त महत्वपूर्ण छ, किनकि रस त्यो तत्व हो, जसले श्रोताहरूको मनमा भावनात्मक अनुभुति उत्पन्न गर्छ । सङ्गीतमा रसको भूमिका मनोरंजनमा मात्र सीमित नभएर, यसले आत्मादेखि परमात्मा सम्म पुऱ्याउन सक्छ । सङ्गीत एउटा यस्तो विधा हो, जसले शब्द बिना नै भावनात्मक अभिव्यक्ति प्रकट गर्न सक्छ । सङ्गीतमा रस बोधको विवेचना सङ्गीतकलाका अन्तरङ्ग तथा वहिरङ्ग दुवै पक्षमा हुन्छ । सङ्गीतकला मनुष्यलाई प्राप्त एउटा दिव्य वरदान हो, जुन मधुर ध्वनि-तरंगको अथाह सागर हो । यो सागर एउटा सहज आनन्दको स्त्रोत हो जसमा देवी ,देवता मनुष्य, पशुपक्षी, वनस्पति, वृक्ष आदि सबै समाहित हुन्छन् । सङ्गीतकला मनोहर, सुन्दर, भावनात्मक ललितकला हो, जहाँ एउटा अबोध बालक पनि गीत सङ्गीतको आवाज सुनेर आफ्नो रुवाई छोडेर हर्षित हुन्छ । त्यस्तो गीत सङ्गीतको महात्म्यको वर्णन गर्न सकिन्न । संहिताहरुमा भनिएको छ कि, प्राचीनधर्म संस्कृतिलाई प्रत्यक्ष रुपमा प्रभावित गर्ने ईश्वर शिव, कृष्ण, सरस्वती, भगवती तथा अन्य देवी-देवताहरूको पनि सङ्गीतसँग अति निकट सम्बन्ध रहेको छ (रावल, २०६६, पृ. ३३) ।

सङ्गीत केवल ध्वनी वा सुरको संयोजन मात्र नभएर, यो त मान्छेको मनमा गहिरो प्रभाव पार्ने माध्यम हो । यसले केवल कानलाई मात्र मिठास दिने मात्र नभई आत्मालाई स्पर्श गर्ने सार्मथ्य समेत राख्दछ । सङ्गीत विधाको मूल उद्देश्य भावनात्मक संचार र शान्ति प्राप्त गर्नु हो र सङ्गीतको यो उद्देश्य पूर्ति गर्नमा रसको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । सङ्गीतको प्रमुख शक्ति नै भावनात्मक क्षमतालाई व्यक्त गर्नु हो । जब कलाकार सङ्गीतको माध्यमबाट कुनै निश्चित भावले भरिएको हुन्छ, तब रसले श्रोतालाई सोही भावमा डुबाउने प्रयास गर्छ । जस्तै, करुण रसले भरिएको राग अथवा गीत सुन्दा आँखा रसाउँछ, त्यस्तै श्रृंगार रसले भरिएको राग अथवा गीतले मनमा कोमल भावना ल्याउँछ । वीर रसले उत्साहको भाव व्यक्त गर्छ । सङ्गीत एउटा कला मात्र होईन, यो भावानुभूतिको माध्यम हो। सङ्गीतलाई साधना भनिन्छ र साधनाको अन्तिम लक्ष्य आत्मिक आनन्दको प्राप्ति हो । जब कलाकार सङ्गीत साधनामा पूर्ण समर्पित हुन्छ,

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

त्यतिबेला साधकले रसको पूर्ण अनूभूति गर्दछ । श्रोता पनि यस अनुभूतिमा सहभागी हुन्छन् । यस प्रकार रस नै सङ्गीतको आत्मा हो, जसले सुन्ने र गाउने दुवैलाई आध्यात्मिक आनन्दको अनुभूति गराउँछ । मानवजातिको अन्तस्करणमा निवास गर्ने विशिष्टि भावनाले भरिएको सतोगुणप्रधान परमोत्कर्षलाई नै शास्त्रमा रसको संज्ञा दिइएको छ । सङ्गीतमा श्रृंगार, वीर, करुण र शान्त यी चार प्रकारको रसमा नवरसको समावेश मानिएको छ । हाम्रा प्राचीन शास्त्रकारहरूले सप्तस्वरमा रसको प्रकार यस प्रकार बताएका छन् । जस्तै, सा र रे ले वीर, रौद्र र अद्‌भूत रसलाई जनाउँछन्, ध ले वीभत्स तथा भयानक रसलाई जनाउँछ, ग र नि ले करुण रस, म र प ले हास्य र श्रृंगार रस को अनुभूति गराउँछन् (वसन्त, १९९९, पृ. ५४८) ।

**स्वरवादनमा रसानुभूति :**

स्वरवादन सङ्गीतको एउटा महत्वपूर्ण अंग हो । सङ्गीत विभिन्न ध्वनि र स्वरहरूलाई सम्मिश्रण गर्ने कला हो, जसबाट व्यक्तिगत मनोभावनाहरूको प्रदर्शनमा रोचकता, माधुर्य, एवम् सुन्दरताको सृजना हुन्छ । सङ्गीतका माध्यमबाट कलाकारहरूले आफ्नो मनमा उठेका भावनाहरूलाई व्यक्त गरेर अरुको चित्तमा समेत आनन्द एवम् प्रसन्नता प्रवाहित गर्दछन् । मानव जीवनको उच्चतम भावना सङ्गीतकै माध्यमद्वारा अभिव्यक्त हुन्छन् । विभिन्न कलाहरूमध्ये सङ्गीतकलालाई उच्चकोटीको मानिन्छ । साधारणतया सङ्गीत भन्नाले केवल गायनलाई मात्र बुझिन्छ, तर शास्त्रीय आधारमा गीत, वाद्य तथा नृत्य यी तीनै कलाको समुहलाई सङ्गीत भनिन्छ (रेग्मी, २०८०, पृ. २) । सङ्गीतकलामा रसानुभूति अर्थात् सङ्गीत वाद्य वादनद्वारा उत्पन्न हुने भावनात्मक अनुभव एवम् सौन्दर्य बोधलाई जनाइन्छ । जब कुनै वाद्यवादकले स्वरसँगै आत्मसात गरेर वादन गर्छ, तब त्यो सङ्गीतले श्रोताको मनमा गहिरो प्रभाव पार्दछ, यही प्रभावलाई रस भनिन्छ । यसको अनुभव गर्ने क्रियालाई रसानुभूति भनिन्छ । सङ्गीतकलाबाट रसको अनुभव केवल श्रोताले मात्र होइन, यसको दिव्यतालाई वादकले पनि पूर्ण अनुभव गर्दछ । सङ्गीत एक यस्तो माध्यम हो, जसले शब्दबिना नै भाव प्रकट गर्दछ । जब स्वरहरू एउटा विशिष्ट क्रम, लय र तालमा प्रस्तुत गरिन्छ, तब ती स्वयम् रसको रुपमा परिणत हुन्छन् । सङ्गीतशास्त्र अनुसार प्रत्येक राग कुनै न कुनै रस अथवा भावसँग सम्बन्धित हुन्छ । वादकले जब त्यो रागलाई भावपूर्ण तरिकाले बजाउँदछ, तब श्रोताले पनि आफ्नो मनभित्र त्यो रसको अनुभूति गर्दछ । स्वर वादकले जतिसुकै अभ्यास गरेको भए पनि, जबसम्म कलाकारले सङ्गीतको भावपक्षलाई बुझेर बजाउँदैन, तबसम्म स्वरमा रसानुभूति उत्पन्न हुँदैन । सङ्गीतमा रसानुभूति उत्पन्न गर्नलाई, आन्तरिक शुद्धता र मनको एकाग्रता हुन आवश्यक हुन्छ। वादकले राग वादन गर्दा रागको आत्मा बुझ्नु अति आवश्यक हुन्छ । यसैको माध्यमबाट कलाकारले श्रोतासँग भावनात्मक सम्बन्ध स्थापित गर्छ । स्वरको आपसी संवाद, स्वरको स्थिति (मन्द्र, मध्य, तार) स्वरको उच्चारण र गति (विलम्बित, मध्य, दूत), एक स्वरको अन्य स्वरसँग स्पर्श, स्वरको श्रुत्यन्तर, स्वरको उच्चारण गर्ने तरीका, यी सबै भावहरू वैविध्यसँग सम्बन्धित छन् (दीक्षीत, १९८९, पृ. ८२) ।

शास्त्रीय सङ्गीतमा विशेष गरी स्वर विस्तार गर्दा वादकले कुनै रागको सीमाभित्र रहँदै स्वरहरूलाई स्वतःप्रवाहित गर्दछ, जसले गर्दा अत्यन्त जीवन्त र सजीव रसानुभूतिको अनुभव हुन्छ । कसैकसैलाई स्वरवादन सुन्दासुन्दै यस्तो लाग्न थाल्छ कि ऊ ध्यानको अवस्थामा बसिरहेको छ । सुन्दा श्वास र लय एक हुँदै जान्छ, समयको अनुभव नै हराउँछ, श्रोताले केवल सङ्गीतको धारामा बगिरहेको महसुस गर्दछ । सङ्गीतकलाको रसानुभूति केवल मन एवम् आत्मासम्म सीमित हुँदैन, यसले कहिलेकाहीँ शरीरमा संवेदना उत्पन्न गराउँछ । जस्तैः रौं उठनु, आँखा रसाउनु, मन शुन्यमा जानु, यी सबै कुराबाट श्रोता र वाद्यवादक गहिरो रसानुभूतिमा जान्छन् । वाद्यको विकास समयानुसार जसरी हुँदै गयो, त्यसरी नै वाद्यको धार्मिक, सामाजिक र युद्ध आदि अवसरमा यसको प्रयोग बढ्दै गयो । आधुनिक समयमा बृन्द वादनको साथमा वाद्यद्वारा उत्पन्न विभिन्न भावको अभिव्यक्ति नयाँ-नयाँ प्रयोगबाट भइरहेको छ । प्रत्येक वाद्यवादनको आफ्नै ध्वनिको आधारमा विभिन्न रसको निष्पत्ति हुन्छ । सङ्गीतकला गर्दा जब कुनै विशेष भावको सिद्धिका लागि स्वरवाद्यको प्रयोग गर्दछौँ, तब त्यसको परम्परायुक्त प्रयोग गर्दा स्वरको तारता, तीव्रता तथा गुण आदिको बारेमा पूर्ण विचार गर्नु पर्दछ । भावाभिव्यक्तिमा विभिन्न वाद्यको आफ्नै प्रयोगात्मक परम्परा हुन्छ । तर, कलाकारले चाहेको खण्डमा उसले ध्वनिको तारता, तीब्रता र गुणको आधारमा आफ्नै ढंगले विशेष प्रयोग गर्न सक्छ । नादका उक्त तीन विशेषताका साथ लय तथा लयकारीको प्रयोगद्वारा विभिन्न भावाभिव्यक्तिलाई एउटा नयाँ मोड प्रदान गर्न सकिन्छ । उदाहरणका लागि राग मालकोश गम्भीर प्रकृतिको राग हो । यसमा वीर, ओजपूर्ण शक्तिको भावना अभिव्यक्त हुन्छ । तर, यसको ध्वनिको तीव्रता घटाएर, स्वरको लय विलम्बित गरियो भने, करुण रसको भाव अभिव्यक्त हुन्छ । स्वरको तारता, तीव्रता, गुण

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

तथा लय आदिको विशेष प्रयोगद्वारा भैरवी, तोडी जस्ता रागमा करुण भाव हटाएर वीर भाव भर्न सकिन्छ । त्यस्तै देश, बागेश्री जस्ता भावयुक्त रागमा श्रृंगारिकता तथा ओजपूर्ण भाव भर्न सकिन्छ (मिश्र, २०१९, पृ.३९९) ।

**नृत्यकलामा रसको प्रभाव :**

नृत्य कलामा रसको महत्वपूर्ण भुमिका हुन्छ । रस भन्नाले त्यो भावनात्मक अनुभूति हो, जुन दर्शकको हृदयमा कलाकारको अभिनयबाट प्रस्फुटित हुन्छ । नृत्य केवल शारीरिक क्रिया मात्र होइन, यसमा भाव र अनुभूतिको गहिरो अभिव्यक्ति हुन्छ । कलाकारले रस अनुसार आफ्नो अनुहार, हातका मुद्राहरू, आँखा र शरीरको हाउभाउद्वारा भावना दर्शाउँछन् । सङ्गीत नृत्यको आत्मा हो जब सङ्गीतका ध्वनिहरू बज्दछन्, तब शरीर स्वतः भावमा बग्न थाल्दछ । लय र तालमा रमाउँदै सङ्गीतले नृत्यलाईं भावनात्मक दिशा, गति, भावना र ऊर्जा प्रदान गर्दछ । सङ्गीतले नृत्यकलाका लागि वातावरण सिर्जना गर्दछ । जब नृत्यसँग उपयुक्त साङ्गीतिक रस जोडिन्छ, तब दर्शकले भाव महसुस गर्न थाल्दछन् । चाहे त्यो खुसी होस, चाहे दुःख, प्रेम अथवा क्रोधको भावना आदि । नृत्य कलामा नर्तक-नर्तकीहरूलाई सङ्गीतको माध्यमद्वारा वाद्ययन्त्रको ध्वनि र तालको सङ्गतले भावना व्यक्त गर्नमा एउटा उत्साह जागृत गराउँदछ । सङ्गीतको सौन्दर्य नाद र लयको सुक्ष्म तत्वमा आधारित हुन्छ । यही तत्वले सङ्गीतको गायन, वादन र नृत्यमा रसको सृष्टि गरी उत्साह, विनोद, मादकता, करुणा, हर्ष, उत्सुकता बढाई प्राणीहरूलाई मन्त्रमुग्ध गराउँछ । यही तत्वले मानिसमा स्थायी भाव विद्यमान गराई भावको उद्दीपनद्वारा रसको उत्पत्ति गराउँछ । यसै रसद्वारा सङ्गीतमा सौन्दर्यको अभिव्यक्ति हुन्छ । सङ्गीतमा रसद्वारा भाव पैदा गर्नुलाई नै कलामा शौन्दर्यको महत्वको पक्ष मानिन्छ । भावप्रधान रचना नै सर्वश्रेष्ठ कला हो । सङ्गीतको आनन्दमा हामी राग, द्वेष, ईर्ष्या सबैलाई त्यागेर केबल आनन्दको मात्र अनुभव गर्दछौं (प्रधान, २०७१, पृ. १९) ।

नाट्यशास्त्रमा नृत्य र सङ्गीतको स्थान अन्यन्त महत्वपूर्ण छ । नाट्यशास्त्रका रचयिता महर्षि भरतले आफ्नो ग्रन्थमा नाट्य, नृत्य, सङ्गीत, अभिनय र कलाको विषयमा विस्तृत व्याख्या गरेका छन् । उनका अनुसार गायन, वादन एवम् नृत्य प्रफुल्लित मनको स्वभाविक क्रिया हो । भारतीय नृत्यकला अत्यन्त प्राचीन हो, जस्को विस्तार नाट्यवेदमा प्राप्त हुन्छ । त्यसैका आधारमा भरतले *नाट्यशास्त्र*मा नृत्यकलाको विस्तार गरेका थिए । शास्त्रीयताका साथसाथै लोक तत्वको मिश्रणबाट केही नयाँ शैलीहरूको जन्म भएको थियो । जस्तैः भरतनाट्यम, ओडिसी, कथककली, मणिपुरी, कथक आदि । नाट्यशास्त्रमा ताल र लयलाई अत्यन्त गम्भीर रुपमा लिइएको छ । यसमा प्रत्येक प्रकारको भाव र प्रसङ्ग अनुसार भिन्नभिन्न तालको प्रयोग गरिन्छ । सङ्गीत र नृत्य दुवैले रसको सृष्टि गर्छन् । नृत्यमा रसको प्रयोगका केही उदारणहरू छन् । जस्तै : श्रृंगार रसमा प्रेमभाव, सौन्दर्य र कोमलता व्यक्त गर्न नृत्यमा नायक नायिकाको बीच प्रेम, सौन्दर्यप्रति आकर्षण एवम् प्रकृतिसँग रमणीय सम्बन्ध देखाउने गरिन्छ । यस्ता नृत्यमा कथक, भरतनाट्यम, ओडिसी जस्ता नृत्यहरू छन् । वीर रसमा साहस र शौर्य, जुन आत्मविश्वासको भावनालाई व्यक्त गर्नका लागि यस रसको प्रयोग हुन्छ । यो रस विशेषगरी देवीनृत्य, युद्धकथा अथवा ऐतिहासिक प्रसङ्गहरूमा प्रभावशाली हुन्छ । करुण रसमा दुःख, पीडा अथवा विछोडका भावहरू व्यक्त गर्न जव नायिका प्रेमीको वियोगमा हुन्छिन्, तब पीडित पात्रको कथा नृत्यमार्फत प्रस्तुत गरिन्छ । त्यहाँ करुण रसको उत्पत्ति हुन्छ (वसन्त, १९९९, पृ. ६७१) ।

यस प्रकार नृत्य सङ्गीतको उद्देश्य रसको प्रभावबाट दर्शकसँग भावनात्मक सम्बन्ध सिर्जना गर्नु हो । नृत्य कथाबाट दर्शकमा गहिरो अर्थ तथा नृत्यको सौन्दर्य र रसाभिव्यक्ति जस्ता प्रभाव बढ्दछ । त्यही साँस्कृतिक र आध्यात्मिक तत्व जीवन्त रुपमा दर्शक सामु उपस्थित हुन्छन् । रागको प्रकृति अनुसार नृत्यमा रस उत्पन्न हुन्छ । उदारणका लागि राग मल्हारले वर्षा ऋतुको सौन्दर्य झल्काउँछ भने भैरवी रागले शान्त र करुण रसको सृजना गर्छ । नृत्यकलामा प्रयोग गरिने रसहरूले सामाजिक, धार्मिक तथा साँस्कृतिक रुपमा प्रभाव पार्दछ । नृत्यमा रसको अभिव्यक्ति केवल शास्त्रीय नृत्यमा मात्र होइन, यसले नेपाली नृत्यकला चाहे त्यो झ्याउरे, मारुनी, देउडा अथवा चण्डी नृत्यमा पनि रसको महत्वपूर्ण भूमिका रहन्छ । नेपाली सङ्गीतमा प्रायः मौलिक लोकधुन, धार्मिक भजन, संस्कार गीत, मौसमी तथा चाडपर्वमा आधारित नृत्य गीत सङ्गीतमा भाव रसको ठूलो भुमिका रहन्छ । नेपाली सङ्गीतमा परम्परागत चर्या नृत्यको पनि ठूलो महत्व छ । नेपाली बज्रयान पूजामा चलेको चर्या गीत चर्यानृत्यमा आफ्नै मौलिकपना झल्किन्छ । चर्या नृत्य बौद्ध पूजा क्रियामा बाह्य र भित्र दुवै रुपमा गरिन्छ । यो नृत्य आध्यात्मिक भावमा आधारित भक्तिरसको नृत्य हो । बौद्ध धर्मको परम्परागत पूजाक्रियामा चर्या गाएर मन्त्र पदभित्र देवदेवीहरूको भावमुद्रालाई दर्शाई पूजा गर्नु अनिवार्य हुन्छ (प्रधान, २०७१, पृ .१५१) । नेपाली सङ्गीत, नृत्य र रस एक अर्कासँग जोडिएका हुन्छन् । सङ्गीतले स्वर, ताल र भाव प्रदान गर्दछ भने, नृत्य कलाले भावलाई शारीरिक गति र मुद्राबाट व्यक्त गर्दछ । यसले रसको माध्यमबाट सबैलाई समेटेर दर्शक सामु विशेष प्रभाव पार्दछ । नेपाली समाजमा सङ्गीतकला र नृत्यकला केवल मनोरन्जनका माध्यम मात्र होइनन्,

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.
Double Blind Peer Reviewed Research Article

यसबाट धार्मिक, सांस्कृतिक, सामाजिक र भावनात्मक चेतनाको पनि अभिव्यक्ति हुन्छ। नेपालीहरूका विभिन्न चाडपर्व, संस्कारको अवसरमा रसहरूले हाम्रो संस्कृतिलाई समृद्ध र जीवन्त बनाउँछन्। यस प्रकार नृत्यकलाले रसको भावनात्मक माध्यमबाट जीवनका हरेक पाटोलाई सुन्दर र अर्थपूर्ण बनाउनमा सहयोग पुर्याउँछ

**राग र रसको समन्वय :**

राग र रस दुवै सङ्गीत र साहित्यका अत्यन्तै महत्वपूर्ण पक्ष हुन्। यी दुवैको समन्वयले दर्शक र श्रोतालाई गहिरो भावनात्मक अनुभूति प्राप्त हुन्छ। राग त्यो साधन हो, जसबाट रसको अनुभूति हुन्छ। रस त्यो उद्देश्य हो, जसको माध्यमबाट रागको साधनालाई पूर्णता प्राप्त हुन्छ। राग र रसको सम्मिलनले श्रोता र दर्शकको हृदयमा भावनात्मक तरंग उत्पन्न हुन्छ। जसको कारण मानव मनमा आनन्दको अनुभूति हुन्छ। शास्त्रीय सङ्गीतमा रागको स्थूल स्वर समूहको साथसाथै रसको भावरुपको पनि परिकल्पना गरिएको छ। राग सङ्गीतको माध्यमबाट भावव्यक्त गर्ने त्यो रस तत्व हो, जुन श्रोता र दर्शकहरूले अनुभूति गर्छन। अर्थात, कुनै सांगीतिक कलाकारले जब रागको माध्यमबाट आफ्नो मन भित्रका भावनाहरू व्यक्त गर्छ, तब त्यो कलाकारको भावनात्मक अनुभूति श्रोताहरूको हृदयमा प्रकट हुन्छ। हाम्रो शास्त्रमा निश्चित ऋतुका निश्चित रागहरू छन्। जस्तैः बर्षा ऋतुमा मल्हार र त्यसका प्रकार, वसन्त ऋतुमा वसन्त बहार। समय अनुसार भिन्नभिन्न रागहरू हुन्छन्। जस्तैः सूर्योदयपूर्व विभास, ललित, सूर्योदय पश्चात् भैरव र त्यसका प्रकार। पूर्वांगमा बिलावल र त्यसका प्रकार, मध्यान्हमा सारंग र त्यसका प्रकार, दिउँसो भीमपलासी, पटदीप, मुल्तानी, साँझमा कल्याण र त्यसका प्रकार, रात्रिपूर्व पुरिया, मारवा, रात्रि बढेपछि विहाग र त्यसका प्रकार, मध्यरात्रिमा मालकौंस, बागेश्री, दरवारी तथा उत्तर रात्रिमा परज, सोहनी जस्ता रागको गायन वादन निश्चित भाव विशेष अनुसार गरिने व्यवस्था छ। जस्तैः दरवारीको प्रौढ–गम्भीर तथा राजसी व्यक्तित्व, अडाणाको तेज सरल व्यक्तित्व तथा आसावरीको कोमल-कान्त तथा सुमधुर करुणामय भावले सबै सहृदय श्रोताहरूलाई मन्त्रमुग्ध गर्दछ (दीक्षीत, १९८४, पृ.८२)। सङ्गीतमा प्रयुक्त रसको सम्बन्धमा भरतले नाट्यशास्त्रमा दुई विशेष उल्लेख गरेका छन्। एउटा जातिप्रकरण अर्को नाट्यमा रसाभिव्यक्तिको चर्चा गर्दा स्वरको आधारमा रसलाई छुट्याएका हुन्। जस्तैः हास्य रस र श्रृंगार रसमा मध्यम र पंचम स्वरको प्रयोग हुन्छ, वीर रस, रौद्र रस र अद्भूत रसमा षडज र ऋषभ स्वरको प्रयोग, करुण रसमा गान्धार र निषाद् स्वर एवं विभत्स र भयानक रसमा धैवत स्वरको प्रयोग हुन्छ। सङ्गीत रत्नाकर आदि ग्रन्थमा पनि प्रायः यसै प्रकारले रसको अभिव्यक्तिका लागि स्वरको प्रयोग गरिएको पाइन्छ। सङ्गीत रत्नाकरको प्रवन्धाध्यायमा प्रवन्धका भिन्नभिन्न प्रकारमा छुट्टाछुट्टै रसानुकूल प्रयोग गर्ने विधान थियो। तर, प्राचीन ग्रन्थमा भएको उल्लेख आजको राग परम्परामा रस निरुपणका साथ कुनै सीधा सम्बन्ध देखिंदैन।

आधुनिक प्रचलित राग र रसको सम्बन्धमा कुनै विशेष निर्णय पाइँदैन। पं. भातखण्डेज्युले आफ्नो ग्रन्थमा यत्रतत्र शास्त्रोक्त नवरसको स्थानमा प्रमुख तीन रस मानेका छन्, श्रृंगार, वीर र करुण। यी तीनको सम्बन्ध क्रमशः रे, ध-शुद्ध <u>ग</u> <u>नि</u> कोमल र <u>रे</u> <u>ध</u> कोमल स्वर प्रयोग भएको रागमा विशेष बल दिएका छन्। भातखण्डेज्यूका अनुसार रे ध शुद्ध भएको राग श्रृंगार रस प्रधान, ग नि कोमल भएको राग वीर रस प्रधान, र रे, ध कोमल भएको राग करुण रसका लागि उपयोगी हुन्छ। रसको अविर्भाव केवल स्वरको तीव्रता र कोमलतामा निर्भर गर्दैन, अपितु सप्तक भेद, स्वर उच्चारण, लय भेद, स्पर्श भेद, गमक आदिमा निर्भर गर्दछ। यसका अतिरिक्त स्वरको आपसी सम्बन्ध गुणोत्तर प्रमाणबाट स्वरको ठहराव लिने समयमा ताल र लयको गति (द्रूत, मध्य, विलम्वित) मा रसको अभिव्यक्ति निर्भर गर्दछ (ठाकुर, २०३५, पृ. १३)। सङ्गीत जस्तो अमूर्त र दिव्य कलालाई शब्दमा सम्झाउनु र कुनै शीर्षक दिनु धैरै कठीन कार्य हो। राग र रसको समन्वय अत्यन्तै गहिरो छ। राग र रस साङ्गीतिक तथा साहित्यिक संसारका दुई महत्वपूर्ण अवधारणा हुन्। राग भनेको सङ्गीतमा स्वर र तालद्वारा उत्पन्न हुने विशिष्ट प्रकारको भावनात्मक आनन्द हो। शास्त्रीय मान्यता अनुसार राग सङ्गीतको आत्मा हो भने रस साहित्य र कलाको जीवनशक्ति हो। यदि हामीले शास्त्रीय दृष्किोणले हेर्यौं भने प्रत्येक रागमा कुनै न कुनै रसको अभिव्यक्ति भइरहेको हुन्छ। यसबाट हामी देख्न सक्छौं कि सांगीतिक शास्त्रीय परम्परामा राग र रसको समन्वयले कला र कलाकारलाई आध्यात्मिक र भावनात्मक उचाईमा पुर्‍याएको छ (दीक्षित, १९८४, पृ .८४)।

**भक्ति सङ्गीतमा रसानुभूति :**

विश्वको कुनै पनि देशमा सङ्गीतको जन्म भक्ति भावनाद्वारा भएको पाइन्छ। विश्वमा सङ्गीतको आरम्भ धार्मिक भावनालाई अभिव्यक्त गर्नका लागि भएको थियो। प्राचीनकालदेखि नै धर्म र संस्कृतिको गहिरो सम्वम्ध रहेको छ। भक्ति सङ्गीतबाट पवित्रता, वन्दना र अलौकिक शक्ति प्राप्त हुन्छ। भक्ति सङ्गीतमा सत्यम्, शिवम् एवं सुन्दरमको समन्वय

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

प्राप्त हुन्छ । गीत, वाद्य र नृत्य तीनै कलाको माध्यमबाट भक्तिभाव र उल्लासमय वातावरण अभिव्यक्त हुन्छ । भक्ति सङ्गीतको रसानुभूति भनेकै भक्ति सङ्गीतमार्फत गहिरो भावनात्मक रसलाई अनुभव गर्नु हो । भक्ति सङ्गीत आफ्नो ईश्वर, गुरु अथवा कुनै दिव्य शक्तिप्रति प्रेम, श्रद्धा र समर्पणको भाव व्यक्त गर्ने माध्यम हो । यसै भक्तिद्वारा हामी रसको अनुभूति गर्दछौँ । रसशास्त्र अनुसार जब श्रोता वा गायकले सङ्गीतको माध्यमबाट कुनै विशेष भावलाई गहिराईका साथ अनुभव गर्दछ, त्यसलाई रसानुभूति भनिन्छ । भक्ति सङ्गीतमा प्रायः श्रृङ्गार, करुण र शान्त रसको प्रयोग हुन्छ । श्रृंङ्गार रसमा आध्यात्मिक प्रेम अर्थात भक्त र भगवानको बीचको संवाद परस्पर प्रेमको रुपमा व्यक्त हुन्छ । भक्त भगवानलाई आफ्नो प्रेमी वा प्रियतमको रुपमा सम्झन्छ । भक्ति र श्रृंगार दुवै अर्थमा प्रयोग हुने केही प्रसिद्ध रागहरू छन् । जस्तैः काफी, भैरवी, पीलु, तिलक कामोद, झिंझोटी आदि । मीराबाईको पद "पायो जी मैने राम रतन धन पायो" यसमा संयोग र विप्रलम्भ दुवै श्रृंगार रस झल्किन्छन् । मीराबाईले कृष्णलाई आफ्नो प्रेमीको रुपमा पुकारेकी छन् र भक्ति सङ्गीतद्वारा भगवानको सान्निध्य प्राप्त गर्न सफल पनि भएकी थिइन् । त्यस्तै, अर्को भक्त सुरदासले भक्ति गीत गाएर भगवानको दर्शन पाएका थिए । धेरै सन्त महात्मा कविहरू आफ्नो लगन र भक्ति सङ्गीतमार्फत भगवानको सान्निध्य प्राप्त गर्न सफल भएका थिए । त्यसैले, उनीहरूले आफ्नो जीवन भगवानमा अर्पण गरेका थिए । प्राचीनकालमा नादको उपासनालाई श्रेष्ठ साधना मानिन्थ्यो । मन्दिर, देवालयमा देवीदेवतालाई खुशी पार्न पूजाका साथसाथै गीत, नृत्यको भक्तिभावको प्रचलन प्राचीनकालदेखि आजसम्म चलिरहेको छ । भक्ति सङ्गीत आत्मानन्दको माध्यम हो । भक्ति सङ्गीतले हृदयमा भावनात्मक चेतना जागृत गर्दछ भने एउटा विशेष अलौकिक, दिव्य अनुभूतिको अनुभव पनि गराउँछ । भक्तिमा भक्त भाव विभोर नभई रहन सक्दैन । आध्यात्मिकता हाम्रो जीवन दर्शनको मूल तत्व हो (प्रधान, २०७१, पृ. ९८) ।

नेपाली भक्ति सङ्गीतमा भजन, कीर्तन, निर्गुण, सन्त वाणी, प्रातः आरती, मंगलगान आदि प्राचीनकालदेखि नै गाइँदै आइएका छन । यहाँ सन्त कवि तुलसीदास, सुरदास, रैदास, जयदेव, विद्यापति, गुरुनानक, कबीर आदि सन्तहरूका भजन र निर्गुण भक्तिले धेरै प्रसिद्धि पाएका छन । भक्ति सङ्गीत हृदयको भाव हो, यसका लागि पवित्र हृदयबाट भाव प्रस्फुटित हुनुपर्छ । भक्ति सङ्गीतको साधनाद्वारा आनन्द प्राप्त हुनुपर्दछ । यसबाट मन र शरीरको कष्ट दूर हुन्छ । भक्ति गीतद्वारा भक्ति रसको संचार हुन्छ । सङ्कीर्तन, सामूहिक भजनले मनमा रहेका विकार नष्ट भएर मन पवित्र हुन्छ । भक्ति सङ्गीत इतिहासमा एक महत्वपूर्ण कृति हो । जयदेवद्वारा रचित कृति गीतगोविन्द हो, जुन नेपालमा पनि निकै प्रचलित छ । काठमाडौँ उपत्यकामा विभिन्न भजन संकीर्तन जस्तैः दापःखलः, भजनगृह, भजनखलः, का भजन सफू आदिमा गीतगोविन्द नेपाली भक्ति सङ्गीतमा प्राचीनकालदेखि नै चल्दै आएको छ (दर्नाल, २०५८, पृ. १२३)। गीतगोविन्द भक्ति सङ्गीतमा बाँधिएको यस्तो सेतु हो, जसको माध्यमबाट श्रृंगार रस र भक्तिलाई एक साथ ल्याइएको छ । यसले भक्ति सङ्गीतलाई केवल उपासना मात्र होइन, भाव, सौन्दर्य, सङ्गीत र मोक्षमार्गको अनुभूति प्राप्त गराउँछ ।

**साङ्गीतिक प्रस्तुतिमा रसको भूमिका :**

साङ्गीतिक प्रस्तुतिमा रसको सञ्चार अत्यन्त महत्वपूर्ण हुन्छ, किनभने यसैबाट कलाकारले श्रोताहरूको हृदयमा रसको भाव, संचरण गर्न सफल हुन्छ । श्रृंगार रस होस, करुण, वीर, चाहे त्यो भक्ति रस होस सङ्गीतको माध्यमबाट भावको गहिराईसम्म पुऱ्याउने एउटा कलाकारको उद्धेश्य हुन्छ । सङ्गीत केवल स्वर र लयको मेल भाव होइन, यसबाट कलाकारले भावको अभिव्यक्ति व्यक्त गर्ने सशक्त माध्यम पनि हो । मञ्चमा सङ्गीतको प्रस्तुति केवल मनोरञ्जन मात्र होइन, यो रसको अनुभूति गराउने माध्यम हो । रस त्यो तत्व हो, जसले श्रोताहरूको हृदयमा भित्रसम्म स्पर्श गर्दछ । रसको अवधारणा अत्यन्त महत्वपूर्ण छ । रसको प्रयोगले कलाकारहरू आफ्नो भावहरू व्यक्त गर्दछन् । रसको प्रभाव केवल स्वर र ताल सम्म मात्र सीमित हुँदैन, रस प्रक्रियाले वातावरणमा, मञ्च प्रदर्शनमा, श्रोताहरूको मन तरङ्गित हुन्छ। त्यसैले, मञ्चित कार्यक्रममा राग, ताल, लय, वाणी र भावभङ्गीमा रसको समन्वय हुनु अत्यन्त आवश्यक हुन्छ । सङ्गीत केवल ध्वनि र लयको चमत्कारिता मात्र होइन, यो त भावनाहरूको जीवित अभिव्यक्ति हो । जब सङ्गीत मञ्चमा प्रदर्शित गरिन्छ, तब त्यसले श्रोताहरूको मनमस्तिष्कमा विभिन्न प्रकारका रसहरूको सृजना गर्छ । यी रसहरू नै सङ्गीतबाट निष्केका आत्मा हुन् । सङ्गीतको ठूलो रहस्य यो छ कि राग र स्वरको सही ढङ्गले प्रस्तुति होस् । जब कलाकार सही ढङ्गले स्वर लगाउँछन्, तब श्रोताहरूको हृदय उक्त ध्वनि सुनेर आत्मविभोर हुन्छ (चौबे, २००५, पृ. २२) ।

मनुष्य जीवनमा सङ्गीतको भूमिका महत्वपूर्ण छ । मानिसमा आत्मानन्दको अनुभूति सङ्गीतद्वारा प्राप्त हुन्छ । सङ्गीत मानव हृदयको मधुर स्पन्दनद्वारा उत्पन्न हुन्छ । सङ्गीत प्रकृतिको नैसर्गिक देह हो तर कलाकारको अथक अभ्यास र परिश्रमद्वारा अझ सशक्त बनाउन सकिन्छ । मञ्च प्रदर्शन गर्दा कलाकारले आत्म प्रदर्शन तथा आत्म अभिव्यक्तिद्वारा सुन्दर कलात्मक अभिव्यक्तिको सिर्जना गरी श्रोताहरूलाई सङ्गीतद्वारा रागको अद्वितीय शक्तिको माध्यमबाट रसको

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

भावनात्मक अभिव्यक्तिमा भावविभोर तुल्याउन सक्छ । यसका साथसाथै कलाकारको मनस्थिति रागको भाव प्रस्तुत गर्दा सामान्य हुनु पर्दछ किनकि कलाकारको मनस्थितिको प्रभाव उसको कलामा पनि पर्दछ । साङ्गीतिक प्रतिभा अर्थात् मञ्चमा प्रस्तुति गर्दा कलाकारमा सिर्जनात्मक शक्ति हुनु अति आवश्यक हुन्छ । साङ्गीतिक प्रतिभाद्वारा नै कलाकारले नयाँनयाँ सिर्जना गर्ने क्षमता राख्दछ । प्रतिभाशाली कलाकारले आफ्नो भावनात्मक रसाभिव्यक्तिद्वारा कलात्मक सिर्जनामा मौलिकपन तथा नवीन क्रान्ति ल्याउन सक्छ । प्रतिभा नैसर्गिक शक्ति हो । प्रतिभावान कलाकारले मात्र श्रेष्ठ कलाको रचना गर्दछ । यसप्रकार सङ्गीत प्रस्तुत गर्न कलाकारको प्रतिभा, भावाभिव्यक्ति, कलाकारको अभ्यास तथा कलाकारको मञ्च प्रदर्शनमा महत्वपूर्ण भुमिका रहन्छ (प्रधान, २०७१, पृ .८८)।

सङ्गीतका रागहरूले.विभिन्न भावहरू व्यक्त गर्दछन् । रागमा स्वर, ताल र पदको समन्वयात्मक प्रयोगले भाव तथा रस उत्पन्न गर्दछन् । यसले कलाकारका साथै श्रोतावर्गमा पनि विभिन्न प्रकारका भावहरू जागृत हुन्छन् । जस्तैः राग बागेश्रीमा विरह, व्यथा, करुण भावरस व्यक्त हुन्छन् । सूर्य उदाउन लाग्दा भैरव रागको स्वर गुञ्जिन्छ । मल्हार रागले वर्षा ॠतुको आभास गराउँछ । विहाग रागले विरही नायिकाको चित्रण गराउँछ भने काफी, पिलु, खमाज रागले राधाकृष्णले होली खेलिरहेको भावना अनुभूति गराउँदछ (दीक्षित, १९८४, पृ. १७) । यसप्रकार सांगीतिक प्रस्तुति गर्दा कलाकार र श्रोता दुवैले विभिन्न रसको रसानुभूति गर्छन् किनकि शास्त्रीय सङ्गीतका रागहरू आध्यात्मिक पृष्ठभूमिमा सम्बद्ध हुन्छन् । प्रत्येक रागको आफ्नो भावनात्मक चित्रण पूर्व विद्वानहरूले गरेका छन् । रागको कल्पना गर्दा स्वर तालको समन्वयलाई ध्यानमा राखेर रागलाई रागरागिनी स्त्री र पुरुष, पुत्र, पुत्रवधुको रुपमा वर्गीकरण गरिएका छन् । रागको गायन वादन गर्दा त्यही स्वरुपलाई सम्झेर कलाकारले दर्शक श्रोतासँग सामञ्जस्य स्थापित गर्दछन्, जसको स्वरुप साङ्गीतिक प्रस्तुतिमा रसको भूमिकाको रुपमा निरन्तर बनिरहन्छ । प्रत्येक रसको सङ्गत र प्रस्तुति अनुसार कलाकारले श्रोताको मनस्थितिमा परिवर्तन ल्याउन सक्छन् । सङ्गीत केवल सुर, ताल र लयको संयोजन मात्र होइन, यसले मानव चेतना र संवेदनाको अभिव्यक्ति गराउँछ । साङ्गीतिक प्रस्तुतिमा रस सिद्धान्तको सान्निध्यमा सङ्गीतको विश्लेषण गर्दा थाहा हुन्छ कि सङ्गीतद्वारा दर्शक र श्रोताहरूको अन्तर्मनमा विविध स्थायी भावहरूको उद्दीपनबाट रसानुभूतिको सृजना हुन्छ ।

**तालवादनमा रसानुभूति :**

तालवादन मानिसको जीवनसँग गहिरो रुपमा जोडिएको विधा हो । सङ्गीतको वाद्य वर्गीकरणमध्ये ताल एक अत्यन्त महत्वपूर्ण अंग हो, जसले सङ्गीतमा लय, गति र अनुशासन दिन्छ । जब तालवादन गरिन्छ, तब त्यसमा श्रोता र वादक दुवैले विशेष किसिमको रसानुभूति अर्थात् आनन्द र भावनात्मक प्रभाव अनुभव गर्दछन् । सङ्गीतमा तालले स्वरलाई लय प्रदान गर्छ । सङ्गीतमा स्वर, ताल, पदको समन्वयले मनलाई उल्लासमय बनाउँछ । सङ्गीतको उद्देश्य मनुष्यमा आनन्दको संचार गराउनु हो । कुनै पनि ध्वनि उच्चारण हुँदा त्यसमा चार वटा कुरा जोडिन्छन् - ध्वनिको उचाइ, ध्वनिको तीब्रता, ध्वनिको विशेषता र ध्वनिको कालमान । अन्तिम ध्वनिगुण कालमानका साथमा रसको सम्बन्ध जोडिएको हुन्छ । सङ्गीत जस्तो चल र अत्यन्त गतिशील कला क्रमसँग श्रवण गर्नुपर्दछ । यो त सबैलाई थाहा नै छ कि, कुनै पनि सङ्गीत, विशेषगरी सङ्गीत दुई प्रकारका हुन्छन् - अनिवद्ध र निवद्ध । अनिबद्ध सङ्गीतमा ध्रुपद गायन भन्दा पहिले गरिने नोम तोमको आलाप अथवा सितार, सरोद, सारंगी, बाँसुरी जस्ता वाद्यहरूमा गत बज्नुभन्दा पहिले बजाइने आलाप जोड झाला आदि । पछि, बन्दिश तथा तानचक्र प्रारम्भ भएपछिको आलाप, तान आदि सबै निबद्ध सङ्गीत अन्तर्गत बुझ्नु पर्दछ । ताल नै नभएतापनि लयमा एक प्रकारको छन्द हुन्छ । सामान्य अनुभवका कुरा गर्ने हो भने विलम्बित लयमा शिथिलता, आलस्य, वैराग्य, शान्ति आदिको भाव झल्किन्छ तथा द्रुत लयमा स्फूर्ति, उत्साह, हर्ष, चञ्चलता जस्ता भावको रसानुभूति हुन्छ । मध्यलयमा सामान्य मनोभावहरूको सहज स्थिति व्यक्त हुन्छ (दीक्षित, २०६१, पृ ९८) ।

तालवादन एक किसिमको संवाद पनि हो, जसमा कलाकार तथा श्रोताबीच लयात्मक संवाद उत्पन्न हुने गर्दछ। तालवादनमा तरंग, कम्पन र भावनाले रसानुभूति गराँउछ । तालवादन केवल लयको प्रस्तुति मात्र होइन, यो एक अनुभूति हो, जुन शरीर, मन र आत्मालाई छुन सक्ने शक्तिशाली माध्यम हो । ताल बन्दिश रचनाको अनिवार्य तत्व हो। ताल बिना कुनै पनि बन्दिशको अस्तित्व नै हुँदैन । रागको स्वभाव र स्वरको चलन अनुसार तालको प्रयोग हुनु पर्दछ । रागको स्वर र शब्दका साथ तालको सामञ्जस्यले सुन्दर बन्दिशको निर्माण हुन्छ । एउटा रागमा विभिन्न तालको प्रयोग गरेर बन्दीशमा भिन्नता र रसात्मकता ल्याउन सकिन्छ (पौडेल, २०८२, पृ २७७)। यस्तो गर्नका लागि कलाकारको क्षमता र दक्षतामा निर्भर हुनु पर्दछ । ताल बिना बन्दीशको अस्तीत्व हुँदैन, केवल स्वर विस्तार मात्र हुन सक्छ । तालको प्रयोगले सङ्गीतमा स्वभाविक सौन्दर्य र भावनात्मक रस को निष्पत्ति हुन्छ । राग गायनमा कलाकारले विभिन्न प्रकारको लयकारी

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

देखाएर आफ्नो कलाकारिता प्रदर्शन गर्दछन् । राग गायनमा ताल लिंदा समान लय, दुगुन, तीगुन, चौगुन लयको लयकारी देखाउँदा राग गायन प्रभावकारी बन्दछ, श्रोताहरू आनन्दित हुन्छन् । सङ्गीतमा लयले प्राणतत्वलाई विकसित गर्दछ । सङ्गीतमा  स्वर आफैं जहाँ पायो त्यहाँ जान सक्दैन, स्वर र तालमा बाँधिएको रचना मात्र लयमा बगेर रसको सृष्टि गर्दछ (प्रधान, २०७१, पृ. ६१) । सङ्गीतमा नव रस हुन्छन् - श्रृंगार, करुण, वीर, हास्य, अद्‌भूत, भयानक, वीभत्स, रौद्र र शान्त रस । तालवादनमा यी रसहरू कुनै न कुनै रुपमा व्यक्त भइरहन्छन् । तालवादनमा रसानुभूति फरकफरक ढङ्गले हुन्छ । जस्तैः राम्रो ताल सुन्दा श्रोताहरूको शरीर, शारीरिक प्रतिक्रियाद्वारा आफैं लयमा झुम्न थाल्छ; भावनात्मक रुपमा तालवादन गर्दा कलाकारको मन भावानुकूल भएर कहिले तनाव कम गर्छ र कहिले ऊर्जाले स्फूर्ति दिन्छ; आध्यात्मिक अनुभूति शास्त्रीय अथवा अन्य सन्दर्भमा तालवादन गर्दा श्रोतालाई ध्यान र भक्तिभावनाले भावविभोर बनाइदिन्छ । ताल वादनका रसानुभूतिका भिन्नभिन्न भाव देखेर कलाकारलाई कलात्मक सन्तुष्टि प्राप्त हुन्छ । तालवादन लयको प्रस्तुति मात्र होइन, यो एक अनुभूति हो, जुन शरीर, मन र आत्मालाई स्पर्श गर्ने सशक्त माध्यम हो । यसबाट साङ्गीतिक, सांस्कृतिक र आत्मीय आनन्दको रसानुभूति प्राप्त हुन्छ ।

**निष्कर्ष** :

सङ्गीत मानवीय भावनाहरूको अभिव्यक्ति गर्ने अत्यन्त सुक्ष्म र प्रभावकारी माध्यम हो । रस सिद्धान्त अनुसार सङ्गीतले श्रोताहरूको चित्तमा विभिन्न भावनात्माक तरंग उत्पन्न गराउँछ, जसले सङ्गीत र सौन्दर्यशास्त्रसँग गहिरो सम्बन्ध राख्दछ । सङ्गीतले श्रोतालाई समय र परिस्थितिको सीमाबाट माथि उठाउँदै रसानुभूति गराउँदछ । रस सङ्गीतको आत्मा हो । सङ्गीतमा नाद, श्रुति, राग, स्वर, ताल, पद तथा वाद्य यस्ता तत्व हुन्, जसको माध्यमबाट रसको अभिव्यक्ति सम्भव हुन्छ ।सङ्गीत र रसबीचको सम्बन्ध अत्यन्तै घनिष्ठ, अन्तरंग र बहुआयामिक हुन्छ । सङ्गीतको माधुर्यले श्रोतालाई आत्मिक शुद्धि, मानसिक शान्ति र भावनात्मक सन्तुलन प्रदान गर्दछ । सङ्गीत रसानुभूतिको सेतु हो, जसको माध्यमबाट कलाकार र श्रोताहरूको जीवनलाई जोड्दछन् र एउटै अनुभूतिमा आत्मा र भावनाबीच सजीव संवाद स्थापित गर्दछन्। सङ्गीतको रसानुभूति एउटा सार्वभौमिक प्रक्रिया हो, तर त्यसको अभिव्यक्ति र प्रभाव श्रोताहरूको संस्कार सांस्कृतिक पृष्ठभूमि र संवेदनशीलतामा निर्भर गर्दछ । सङ्गीतमा रसानुभूति एक सुक्ष्म अनुभूति हो । यस विवेचनात्मक अध्ययनबाट यो स्पष्ट हुन्छ कि सङ्गीत ध्वनि र लय मात्र होइन । सङ्गीत र रस मानव आत्मा र भावनाको गहिरो अभिव्यक्ति हो । रस सिद्धान्तका आधारमा हेर्दा सङ्गीतद्वारा श्रृंगार, करुण, वीर, हास्य जस्ता विभिन्न रस उत्पन्न हुन्छन् र यी रसहरूको प्रभावबाट श्रोताहरूको भावनात्मक स्थिति देखिन्छ । सङ्गीतद्वारा रसको अनुभूतिमा कलाकारको प्रस्तुतीकरण, रागको प्रकृति, स्वर, ताल र शब्दको संयोजन पनि निर्भर गर्दछ । यसप्रकार हामी यो अध्ययनबाट पाइएको निष्कर्षद्वारा भन्न सक्छौं कि सङ्गीत केवल शुद्ध मनोरञ्जनको माध्यम मात्र होइन । यो आत्मिक उन्नती, मनोवैज्ञानिक उपचार एवं सामाजिक एकतालाई जोड्ने माध्यमको आधार पनि हो । सङ्गीतद्वारा मानिसमा भावनात्मक शुद्धता, एक अर्काप्रति सहानुभूति र संवेदनशीलता प्राप्त हुन्छ ।

**सन्दर्भ सामग्री**

वसन्त, (सन् १९९९) *सङ्गीत विसारद.* उ.प्र.: हाथरस सङ्गीत कार्यलय ।
चौबे, सुशीलकुमार (सन् २००५). *हमारा आधुनिक सङ्गीत.* लखनऊः उ.प्र. हिन्दी संस्थान ।
पौडेल, परशुराम (२०८२). *तबला (व्याख्या एवम् विश्लेषण).*काठमाडौं: अतुल स्मृति गुरुकुल ।
दर्नाल, रामशरण (सन् २०५८). *सङ्गीत सौरभ.* काठमाडौं: रत्न पुस्तक भन्डार ।
दीक्षित, प्रदीपकुमार (सन् २०८४). *स'रस' सङ्गीत.* वाराणसीः किशोर विद्यानिकेतन ।
मिश्र, लालमणि (सन् २०१९). *भारतीय सङ्गीतवाद्य.* नयीदिल्लीः भारतीय ज्ञानपीठ ।
प्रधान, शकुन्तला (२०७१). *सङ्गीत निबन्ध सँग्रह.* काठमाडौं: भुँडीपुराण प्रकाशन ।
परांजपे, शरदच्चन्द्रश्रीधर (सन् २०१५). *भारतीय सङ्गीत का इतिहास.* वाराणसीः सुरभारती प्रकाशन ।
रेग्मी, ध्रुवेशचन्द्र (२०८० वि.सं). *नेपाली सङ्गीत दरबार.* काठमाडौं: बुकहिल पब्लिकेसन ।
रावल, बेनीजङ्गम (२०६६). सङ्गीत सौन्दर्य शास्त्रीय विश्लेषण. *कलानिधि.* काठमाण्डौं: कलानिधि सङ्गीत महाविद्यालय ।
ठाकुर, ओमकारनाथ (सन् १९९९). *सङ्गीताञ्जली.* मुम्बईः पं.ओमकारनाथ ठाकुर मेमोरीयल ट्रस्ट ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com